## मिति २०८१/०२/३० गते दिनको १.०० बजे बसेको १२५औं नगर कार्यपालिका बैठकका निर्णयहरु:

*प्रस्ताव नं १:*

आ.व. २०८१/८२ को नगर सभाको १४औं अधिवेशनको तयारी सम्बन्धमा ।

*निर्णय नं १:*

मिति २०८१/०३/१० गते गोरखा नगरपालिकाको नगर सभाको १४औं अधिवेशनमा आ.व २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने र उक्त नीति तथा कार्यक्रमको मस्यौदा निर्माणमा नगर प्रमुखको संयोजकत्वमा तपशिल बमोजिमको सदस्यहरु रहने गरी मस्यौदा निर्माण समिति गठन गर्ने र उक्त समितिले २०८१/०३/०५ गते भित्र मस्यौदा पेश गर्ने निर्णय गरियो ।

तपशिल:

संयोजकः नगर प्रमुख श्री कृष्ण बहादुर राना मगर

सदस्यः नगर उप-प्रमुख श्री मसली माया थोकर

सदस्यः प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

सदस्यः इन्जिनियर श्री प्रकाश ढकाल

सदस्यः प्रशासकीय अधिकृत श्री विजयभक्त उपाध्याय

सदस्यः लेखा अधिकृत श्री निलकण्ठ पाण्डेय

सदस्यः वातावरण अधिकृत श्री धुर्व प्रसाद घिमिरे

सदस्यः सूचना प्रविधि अधिकृत श्री सुयोग रमण खनाल

सदस्य सचिवः सहायक प्रशासकीय अधिकृत श्री शोभा प्रधान दवाडी

*प्रस्ताव नं २:*

'घ' वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्वन्धमा ।

*निर्णय नं २:*

नगर कार्यपालिकाको कार्यालयमा प्राविधिक समितिवाट सिफारिश भई पेश हुन आएका तपशील बमोजिमका निर्माण व्यवसायीहरुलाई 'घ' वर्गको इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो:

क. बिन्दु कन्स्ट्रक्शन, गोरखा नगरपालिका, वडा नं.- १०

ख. आर. सी. कन्स्ट्रक्सन, गोरखा नगरपालिका, वडा नं.- ६

ग. जी. टि. कन्स्ट्रक्सन, गोरखा नगरपालिका, वडा नं.- ६

घ. मान विनय कन्स्ट्रक्सन, गोरखा नगरपालिका, वडा नं.- ७

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुँडीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

**कृष्ण बहादुर राना मगर**
**नगर प्रमुख**

**प्रमुख प्रशासकिय अधिकृत**

Scanned with CamScanner

*प्रस्ताव नं ३:*

नगरपालिका कार्यालयको आयुर्वेद शाखा बसेको घरको बाँकी घरभाडा र मर्मत खर्च भुक्तानी सम्बन्धमा ।

*निर्णय नं ३:*

यसअघि आयुर्वेद शाखा बसेको गो.न.पा-८ स्थित सनद कुमार श्रेष्ठको घरको मिति २०८०।०८।०१ देखि २०८०।११।१५ सम्मको करारनामा बमोजिमको बाँकी घरभाडा रकम भुक्तानी गर्ने र आयुर्वेद शाखा प्रमुख वैद्य निरीक्षक श्री जीवन कुमार श्रेष्ठको मिति २०८१।०१।३० को कार्यालय स्थानान्तरण प्रतिवेदन बमोजिम उक्त शाखा जिल्ला अस्पतालमा सर्नुअघि उक्त घरमा भएको क्षतिको सामान्य मर्मत कार्य एवम् धारा विजुली समेतको खर्चको बिल भर्पाई बमोजिमको जम्मा रकम रु. १,२४,०००।- (एक लाख चौबीस हजार रुपैयाँ मात्र) नगरपालिकाले भुक्तानी गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं ४:*

नेपाल स्काउट (गोनपा) बाट विद्यालय बीच खाना बनाउने प्रतिष्पर्धाका लागि रकम माग सम्वन्धमा ।

*निर्णय नं ४:*

नेपाल स्काउट, स्थानीय स्काउट कार्यालय, गोरखाले २०८१ असार ५ गते स्काउट दिवसको अवसरमा विभिन्न विद्यालय बीच खाना बनाउने प्रतिष्पर्धाका लागि नगरपालिकामा आर्थिक सहयोग माग भइ आएकोमा रु. ५५,०००/- (पचपन्न हजार रुपैयाँ) नगरपालिका तर्फ कार्यक्रम खर्च शीर्षक नं. २२५२२ मा विनियोजित रु. ५,००,०००।- शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो:

*प्रस्ताव नं ५:*

कृष्ण प्रसाद भट्टराई मेमोरियल फाउन्डेसनले जग्गा माग गरेको सम्व्रन्धमा ।

*निर्णय नं ५:*

कृष्ण प्रसाद भट्टराई मेमोरियल फाउन्डेसनले आदर्श र योगदान झल्कने खालको संग्रहालय र पुस्तकालय निर्माण गर्नको लागि गोनपा-६, साविक गोरखकाली वडा नं ४ मा रहेको कित्ता नं १०० बाट दक्षिणतर्फ दुरसंचार कार्यालय हुँदै जाने सडकले छोएको करिव २० रोपनी सार्वजनिक जमिन माग गरेको सम्वन्धमा अमिन खटाई जग्गाको किसिम र क्षेत्रफल यकिन गरी आगामी नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं ६:*

गोरक्ष वैदिक गुरुकुल विद्यालयको दिवा कक्षाको लागि भवनको माथिल्लो तलाका कक्षा कोठा उपलब्ध गराउने सम्वन्धमा ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुङ्गीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

नगर कार्यपालिकाको कार्यालय
बुङ्गीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

*निर्णय नं ६:*

गोरक्ष वैदिक गुरुकुल विद्यालयको दिवा कक्षाको लागि पृथ्वी बाल विकास प्रा.वि मर्ज भइ अन्य विद्यालयमा संचालन भएकोले उक्त भवनको संरक्षण गर्ने गरी माथिल्लो तलाका कक्षा कोठाबाट कक्षा संचालन गर्न हाललाई २०८३ साल चैत्र मसान्तसम्मको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं ७:*

करार सेवाको कर्मचारीहरुको आवश्यकता र बजेट सुनिश्चितता सम्बन्धमा ।

*निर्णय नं ७:*

करार सेवाको कर्मचारीहरुको आवश्यकता र बजेट सुनिश्चितता सम्बन्धमा गोरखा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपशिल बमोजिमको समिति गठन गरी प्रतिवेदन माग गर्ने निर्णय गरियोः

तपशिलः

श्री कृष्ण प्रसाद सुवेदी, प्रमुख प्रशासकीय अधिकृतः संयोजक
श्री विष्णु प्रसाद श्रेष्ठ, वडा नं ७ को वडा अध्यक्षः सदस्य
श्री डिल बहादुर थापा मगर, वडा नं १२ को वडा अध्यक्षः सदस्य
श्री निलकण्ठ पाण्डेय, आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य
श्री चेत प्रसाद अम्गाई, प्रशासन शाखा प्रमुखः सदस्य सचिव

*प्रस्ताव नं ८:*

वडा नं ११ ले संचालन गरेको तीज गीत प्रतियोगिताको अपुग रकम सम्वन्धमा ।

*निर्णय नं ८:*

आ.व २०८०/८१ मा वडा नं ११ ले संचालन गरेको तीज गीत प्रतियोगिताको लागि रु. १ लाख ५० हजार विनियोजन गरिएकोमा तोकिएभन्दा बढी रकम (रु. २,२३,४५०/-) खर्च भएको । विनियोजित रकम भन्दा रु. ७३,४५०/- बढी रकम टेन्ट र साउण्ड सिस्टम बापत खर्च भएको भनि वडा नं ११ वडा कार्यालयको मिति २०८०/०६/२२ (च.नं. २८७) को पत्रानुसार नेचुरल भिजन टि.भी मर्मत केन्द्र, गोनपा-६ को नाममा रकम भुक्तानी सिफारिस भइ आएको रकम रु. ७३,४५०/- नगरपालिका तर्फ सवारी साधन तथा मेशिनरी औजार खर्च शीर्षक नं. २८१४२ मा विनियोजित १० लाखबाट खर्च गर्ने गरी भुक्तानी दिने निर्णय गरियो ।

*प्रस्ताव नं ९:*

आयुर्वेद शाखाको कार्यक्रम परिवर्तन सम्बन्धमा ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

*मिति २०८१/०२/३० गतेको १२५ औं कार्यपालिका बैठकको निर्णय*

*निर्णय नं ९:*

आयुर्वेद शाखाको आ.व २०८०/८१ को नगरस्तरीय कार्यक्रममा घुम्ती आयुर्वेद क्लिनिक र शिविर तथा नसर्ने रोग व्यवस्थापन शिर्पकमा रु. ५,००,०००।- (पाँच लाख रुपैयाँ मात्र) बजेट विनियोजन भएकोमा उक्त शिर्षक परिवर्तन गरि आयुर्वेद औषधी खरिद शिर्षकमा उक्त रकम खर्च गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं १०:*

नेपाल पर्यटन बोर्डसँगको लागत साझेदारीमा स्ट्रिट नम्बर र पर्यटकीय सूचना सम्बन्धी होर्डिङ बोर्ड राख्ने कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

*निर्णय नं १०:*

गोरखा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको विभिन्न पर्यटकीय, धार्मिक, पुरातात्विक तथा ऐतिहासिक स्थानहरुको पहिचान गरेकोमा पर्यटन प्रवर्द्धनमा विभिन्न कार्यक्रमहरु (स्ट्रिट नम्वर र पर्यटकीय सूचना सम्वन्धी होर्डिङ वोर्ड) संचालन गर्नको लागि पर्यटन वोर्डको साझेदारीमा नगरपालिका तर्फ कर्मचारी पोशाक खर्च शीर्षक नं. २११२८ मा विनियोजित २० लाख रकम मध्ये खर्च भई बाँकी रहेको ७ लाख मध्येबाट रु. ४ लाख विनियोजन गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं ११:*

शिक्षा शाखावाट सम्पादन हुने विभिन्न कार्यक्रमहरुको खर्च सम्वन्धी कार्यविधि, २०७६ संशोधन सम्वन्धमा ।

*निर्णय नं ११:*

शिक्षा शाखावाट सम्पादन हुने विभिन्न कार्यक्रमहरुको खर्च सम्वन्धी कार्यविधि, २०७६ तपशिल वमोजिम शैक्षिक सत्र २०८० देखि लागू हुने गरी संशोधन गर्ने निर्णय गरियो:

तपशिल:

कक्षा ८

| परिक्षण | | संपरिक्षण | |
|---|---|---|---|
| पूर्णाङक | दर | पूर्णाङक | दर |
| १०० | १५ | १०० | ४ |
| ७०/७५ | १२ | ७०/७५ | ३ |
| २५/५० | १० | २५/५० | २ |

अब.हुनुपर्ने

हाल सबै विषयको पूर्णाङक ५० भएको र प्रश्न पत्रको लम्बाई ७५/१०० बराबर भएकोले समय सापेक्ष बनाउन परिक्षण दर प्रति कपी रु. २० र संपरिक्षण दर प्रति कपी रु. ५ बनाउने ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रुङ्गीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

कक्षा ५

| परिक्षण | | संपरिक्षण | |
|---|---|---|---|
| पूर्णाङक | दर | पूर्णाङक | दर |
| १०० | १२ | १०० | ४ |
| ७०/७५ | १० | ७०/७५ | ३ |
| २५/५० | ८ | २५/५० | २ |

अब हुनुपर्ने

कक्षा ५ को हकमा पनि सबै विषयको पूर्णाङक ५० भएको र प्रश्न पत्रको लम्बाई ७५/१०० बराबर भएकोले समय सापेक्ष बनाउन परिक्षण दर प्रति कपी रु. १५ र संपरिक्षण दर प्रति कपी रु. ४ बनाउने ।

*प्रस्ताव नं १२:*

बहुउद्देशिय भवन अन्तर्गतका बी ब्लकको सटर नं १ र सी ब्लकको सटर नं १ र २ गरी जम्मा ३ वटा सटर गोरखा रोधी घर, गोरखालाई भाडामा दिने सम्बन्धमा ।

*निर्णय नं १२:*

गोनपाको स्वामित्व र संरक्षणमा रहेको बहुउद्देशिय भवन भाडामा लिने प्रयोजनको लागि गोरखा रोधी घर, गोरखाले बी ब्लकको सटर नं १ र सी ब्लकको सटर नं १ र २ गरी जम्मा ३ वटा सटरमा रोधी घर संचालनका लागि मिति २०८०/११/३० गते गोरखा नगरपालिका कार्यालयमा निवेदन पेश गरेको । उल्लेखित सटरहरुको नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत सहितको टोलिले स्थलगत अनुगमन गर्दा उक्त गोरखा रोधी घर, गोरखाले गोरखा नगरपालिकासँग कुनै पनि अनुमति नलिई बी ब्लकको सटर नं १ को सी ब्लक तर्फको सिमेन्ट र इट्टाको जोडाईबाट निर्मित वाल भत्काएको र सी ब्लकको सटर नं १ को बी ब्लक तर्फको सिमेन्ट र इट्टाको जोडाईबाट निर्मित वाल भत्काएको र बी ब्लकको सटर नं १ को अगाडीको भागमा कोठा समेत निर्माण हुँदै गरेको देखिएको । उक्त दुई वटा सिमेन्ट र इट्टाको जोडाईबाट निर्मित वाल भत्काएकोले उक्त वाल हाल निर्माण गर्न लाग्ने रकम करिब रु. १ लाख धरौटी राख्ने र सम्झौता भएको मितिदेखि ३ वर्षसम्मको लागि भाडामा दिने निर्णय गरियो । साथै सम्झौता अवधी समाप्त भएपछी वा उक्त रोधी घरले सटर भाडामा लिन छाड्दाका बखत उक्त सटरहरु भत्काउनु तथा थप गर्नु अघि जे जुन अवस्थामा थिए, सोहि अवस्थामा निर्माण/मर्मत गर्नुपर्ने अन्यथा निजको धरौटी जफत गरी सोहि रकमबाट निर्माण तथा मर्मत संभार गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं १३:*

गोनपा वडा नं ७ को जलदेवी महिला समूहको भवनको लागि अपुग रकम थप सम्बन्धमा ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

*निर्णय नं १३:*

गोनपा वडा नं ७ को जलदेवी महिला समूहको भवनको लागि नगर कार्यपालिकाबाट २ लाख ५० हजार विनियोजन भएकोमा प्राविधिक लागत अनुमान तयार गर्दा भवनको छत ढलानको लागि न्यूनतम ४ लाख ५० हजार रुपैयाँ रकम खर्च हुने देखिएकोले अपुग २ लाख रकम मर्मत संभार शिर्षकबाट विनियोजन गरी ४ लाख ५० हजारको उ.भो.स मार्फत निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो |

*प्रस्ताव नं १४:*

गोनपा-४ को पन्थेस्वारा खानेपानी उपभोक्ता समितिद्वारा मूल संरक्षण गर्ने र पानी तान्ने पम्प माग सम्वन्धमा |

*निर्णय नं १४:*

गोनपा-४ को पन्थेस्वारा खानेपानी उपभोक्ता समितिको करिव ८१ घरधुरीले खाइरहेको पानीको मूलमा समस्या आई मूल संरक्षण गर्ने र १० हर्स पावरको पानी तान्ने पम्प पुरानो भइ जिर्ण भएको र पानी तान्न छोडेको भनि गोनपा वडा नं ४ को वडा समितिको सिफारिस सहित पेश हुन आएकोले उक्त खानेपानी उपभोक्ता समितिलाई पानी तान्ने पम्प खरिद गर्न नगरपालिका तर्फ कर्मचारी पोशाक खर्च शीर्षक नं. २११२८ मा विनियोजित २० लाख रकम मध्ये खर्च भई बाँकी रहेको ७ लाख मध्येबाट रु. १ लाख खर्च गर्ने निर्णय गरियो |

*प्रस्ताव नं १५:*

बाल शिक्षा सहयोगीको तलब र सरसफाई केन्द्रमा हेरालु राखे सम्वन्धमा |

*निर्णय नं १५:*

शिक्षा शाखातर्फ विनियोजित पूर्व प्राथमिक तहका बालबालिका शिक्षकहरु र बाल विद्यालय सहायक तथा सहयोगीहरुका लागि थप गर्नुपर्ने पारिश्रमिक शीर्षकबाट दरौंदी अग्रगामी टोल विकास संस्था, गोनपा-५, लामागाउँमा रहेको बोहोरा बेशी बाल विकास केन्द्रमा कार्यरत कार्यालय सहयोगी मित्री माया तामाङलाई मिति २०८०/१२/०४ देखि २०८१/०३/३१ गतेसम्म लागु हुने गरी मासिक रु. १० हजारका दरले तलब यस नगरपालिकाले बाल विकास केन्द्रको खातामा भुक्तानी दिने निर्णय गरियो | साथै गोरखा नगरपालिकाको गोनपा-८ स्थित ल्याण्डफिल साइटमा विभिन्न समयमा आगलागी हुने, अवान्छित गतिविधिहरु हुने लगायतका क्रियाकलाप भएकोमा प्रभावित क्षेत्रका बासिन्दाहरुको माग बमोजिम एक जना हेरालु राख्ने भनि नगर प्रमुखज्यु उपस्थित भएको भेलामा सहमति भएकाले मासिक रु. १७,०००/- हुने गरी दैनिक ज्यालादारीमा पारिश्रमिक दिने गरी गोनपा-८ को भेष बहादुर आलेलाई २०८१ जेठ र असार महिनाको पारिश्रमिक क्लिन गोरखासँगको साझेदारीमा सरसफाई तथा सचेतना कार्यक्रम शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो |

**कृष्ण बहादुर राना मगर**
**नगर प्रमुख**

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख



८२८० रु.

<u>प्रस्ताव नं. १६</u>

गणतन्त्र दिवसको अवसरमा विभिन्न कार्यक्रमको आयोजना गर्दा भएको खर्च भुक्तानी सम्वन्धमा ।

<u>निर्णय नं. १६</u>

गणतन्त्र दिवसको अवसरमा जिल्ला समन्वय समितिको मिति ०८१।२।१२। च.नं. ४४३,४४४, को पत्रबाट गोरखा नगरपालिकालाई अनुरोध भइ आए अनुसार गोरखा नगरपालिकाद्वारा प्रभातफेरि, अनतर्क्रिया कार्यक्रम, रक्तदान, झण्डाफेर्ने आदि र मेयर-११ र सिडिओ-११ बीच फुटबल प्रतियोगिताको सन्दर्भमा भएका बिल भरपाई बमोजिमका विभिन्न खर्च रकम रु. १,२०,०००/- (एक लाख रुपैयाँ) विभिन्न खेलकुद कार्यक्रम सञ्चालनमा विनियोजित रु. ५ लाख मध्येबाट भुक्तानी दिने निर्णय गरियो।

<u>प्रस्ताव नं. १७</u>

जिल्ला भलिबल संघ, गोरखालाई रकम उपलब्ध गराउने सम्वन्धमा ।

<u>निर्णय नं. १७</u>

जिल्ला भलिबल संघ, गोरखाद्वारा मिति २०८०/१२/२७ गतेदेखि १२/३० गतेसम्म संचालित प्रथम गोरखा अन्तर पालिका स्तरीय पुरुप तथा महिला भलिवल प्रतियोगिता हरमटारी खेलकुद मैदानमा सम्पन्न भएको भनि गोनपा-६ को वडा कार्यालयबाट मिति २०८१/०२/२५, च.नं. १४४६ को पत्र प्राप्त भएको । मिति २०८१/०२/२४ मा उक्त संघले रकम माग गरी निवेदन पेश गरेको अनुसार रु. ५० हजार खेलकुद शिर्पकमा विनियोजित रकमबाट भुक्तानी दिने निर्णय गरियो।

<u>प्रस्ताव नं. १८</u>

गोरक्षधाम सिद्धाश्रम शक्ति केन्द्रलाई रकम उपलब्ध गराउने सम्वन्धमा ।

<u>निर्णय नं. १८</u>

संस्कृतिविद् प्रा. डा. जगमान गुरुङद्वारा गोरखा र गोरखनाथ सम्बन्धी अन्तरसंवाद प्रशिक्षण कार्यक्रम श्री श्री सिद्धाश्रम शक्ति केन्द्रले मिति २०८०।०६।१३ गते कार्यक्रम सम्पन्न गरेकोले सो कार्यक्रममा भएको खर्च मध्ये रु. ५० हजार नगरपालिका तर्फ विविध कार्यक्रम खर्च शीर्षक नं. २२५२९ मा विनियोजित रु. ७ लाख रकम मध्येबाट भुक्तानी दिने निर्णय गरियो।

<u>प्रस्ताव नं. १९</u>

औपधि खरिद रकम भुक्तानी सम्वन्धमा।

<u>निर्णय नं. १९</u>

गोरखा नगरपालिका स्वास्थ्य शाखा तर्फको आ.व. २०८०/०८१ को औपधि खरिद शीर्षक सशर्ततर्फ रु. १४,८७,०००।- र नगरपालिकाको आन्तरिक तर्फ रु. २०,००,०००।- को जम्मा रकम रु. ३४,८७,०००।- दररेट कायम गरी विद्युतीय बोलपत्र मार्फत खरिद हुँदा रु. १८,५६,२९०।- भुक्तानी भै

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

बाँकी रकमबाट सोही दररेटमा स्वास्थ्य संस्थाको लागि आवश्यक औषधि तथा शिविर सञ्चालनका लागि थप औषधि मिति २०८१।०२।०१ मा खरिद भएको औषधिको रकम रु. ४,९३,६३०।- एम स्क्वायर मल्टिपर्पोज प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो।

प्रस्ताव नं. २०

गोरखा दरबारमा खानेपानी ट्याङ्की राख्ने सम्बन्धमा।

निर्णय नं. २०

गोरखा दरबार हेरचाह अड्डा अन्तर्गत गोरखकाली मन्दिर, गोरखनाथ मन्दिर र दरबार परिसरको वातावरण सरसफाई तथा गोरखा दरबार अवलोकन भ्रमण गर्न आउने पर्यटक साथै श्रद्धालु भक्तजनलाई खानेपानी उपलब्ध गराउन Hill Tank १००० ली. को ३ थान र ५००० ली. को १ थान खरिद गरे बापतको रकम रु. १,०२,०००।- भुक्तानी दिने निर्णय गरियो।

प्रस्ताव नं. २१

राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम अन्तर्गत सशर्त अनुदान अन्तर्गतको कार्यक्रम सम्बन्धमा।

निर्णय नं. २१

राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम सशर्त अनुदान अन्तर्गतको कार्यक्रममा विनियोजित रु. ८,००,०००।- (आठ लाख रुपैयाँ) रकमबाट गो.न.पा. वडा नं. ४ र वडा नं. १३ मा सोलार ब्याकअप राख्ने निर्णय गरियो।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत